# कटहरी गाउँपालिका
# Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:- 021-404100

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):.............................

### आन्तरिक आय ठेक्का सम्बन्धी सार्वजनिक सूचना ।

**( प्रथम पटक प्रकाशित मिति २०८१/०३/११गते मंगलवार)**

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आर्थिक वर्ष ०८१/०८२ को लागि यस गाँउपालिका क्षेत्रभित्रको हाटबजारहरुको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपशिलको शर्तहरुको अधिनमा रहि इच्छुक व्यक्ति, फर्म वा कम्पनिहरुले तोकिएको अवधिभित्र रित पूर्वक शिलबन्दी दरभाउपत्रमा भाग लिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का न. | विवरण | न्युनतम अङ्क (भ्याटसहित) रु. | फारम दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय | दरभाउपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १५ | कटहरी फलफूल तथा तरकारी थोक बजारको खुल्ला क्षेत्रमा आईतवार बुधवार र शनिबार हटिया,कटहरी-१ | ११,०००००।- | १,०००।- | २०८१/०३/२५ गते कार्यालय समय सम्म । | २०८१/०३/२६ गते १२:००बजेसम्म । | २०८१/०३/२६ गते २ : ००बजे । | कटहरी गाँउपालिका को कार्यालय |
| १६ | मंगलवार हटिया कटहरी-६ वडा कार्यालय अगाडी | ३०,०००।- | | | | | |
| १७ | बालुघाट हटिया,कटहरी-६ | ३०,०००।- | | | | | |
| १८ | वडा नं.५का सम्पूर्ण हटियाहरु,कटहरी-५ | ६५०००।- | | | | | |
| १९ | उत्सव भट्टाचोक हटिया, कटहरी-६ | ४०,०००।- | | | | | |
| २० | स्टार चोक हटिया,कटहरी-७ | २०,००००।- | | | | | |
| २१ | कटहरी-७ हटिया | ४०,०००।- | | | | | |

प्रमुख प्रशासकीय अधिकृत


शिक्षा कृषि उद्योग र पूर्वाधार, समृद्ध कटहरीको मूल आधार
Website:- kataharimun.gov.np / facebook.www.facebook.com/kataharimun
email:- ito.kataharimun@gmail.com, kataharigaupalika@gmail.com, info@kataharimun.gov.np


CamScanner

# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ / Katahari, Morang

Ph:- 021-404100

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./Ltr.No.:
च.नं./Ref.No.

मिति (Date):.............................



**ठेक्का कबोलका लागि शर्तहरुः-**

१. यो गोप्य शिलबन्दी दरभाउपत्रमा भाग लिनेले कबोल गरेको अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको गाँउपालिकाको धरौटी **खाता नं २१९०१००३०३००००००२** मा जम्मा गरि सो को सक्कले भौचर शिलबन्दी दरभाउपत्रमा समावेश गर्नुपर्नेछ ।
२. प्रत्येक हटिया ठेक्काको छुट्टाछुट्टै शिलवन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । जसको मूल्याङ्कन पनि छुट्टाछुट्टै गरिनेछ।
३. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।
४. फारम खरिद गर्ने ब्यक्तिको हकमा लिखित निवेदन साथै नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीको हकमा दर्ता/नविकरण,आ.व.०७९/०८० को करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।
५. ठेक्का अवधि आ.व. २०८१/०८२ को ठेक्का सम्झौता भएको मिति देखी असार मसान्त सम्मको लागि हुनेछ ।
६. म्याद नाघि र रित नपुगि प्राप्त फारम उपर कुनै कारवाही हुनेछैन ।
७. गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको ब्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।
८. गोप्य शिलबन्दी दरभाउपत्र स्वीकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको एकमुष्ट रकम नगद वा ४०% नगद जम्मा गरी बाँकी रकमको कार्यसम्पादन जमानत पेश गरी सम्झौता गर्नुपर्नेछ । ठेक्का कबोल वापतको एकमुष्ठ रकम नगद जम्मा गरेमा १० प्रतिशत रकम छुट दिइने छ ।
९. ठेक्का सम्झौता भएपछी बन्द हडताल चक्का जाम जस्ता कारण देखाई ठेक्का कर छुट वा मिनाहा को लागि दिइने निवेदन उपर कुनै कारवाही हुने छैन र छुट वा मिनाहा हुने छैन
१०. नेपाल सरकार र गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।
११. करको दररेटहरु गाँउपालिकाले उपलब्ध गराएको (गाउँसभाबाट आ.व.०८०/८१) का लागि स्वीकृत दररेट अनुसार असुल उपर गर्नुपर्नेछ ।
१२. ठेक्का कार्यान्वयनको अवधिभर खानेपानी, सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठेकेदारले ब्यहोर्नु पर्नेछ ।
१३. हटिया लाग्ने स्थान (जग्गा) व्याक्तीको भए सो स्थानमा हटिया ठेक्का सम्झौता रकमको २५ प्रतिशतले हुन आउने रकम जग्गा भाडा वापत दिईने छ ।
१४. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
१५. अन्य जानकारिका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत

नोटः- ठेक्का सम्बन्धी विस्तृत विवरण कटहरी गाउँपालिकाको Website: Kataharimun.gov.np मा हेर्नुहोला ।



CamScanner